बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या: २०८२/०८३

चलानी नम्बर: ११९५

मिति:२०८२।११।२८

नेपाल संवत् ११४६,चिल्लागा,नवमी,बिहिबार ।

श्री स्थानीय तहहरु(सबै),
बागमती प्रदेश,नेपाल।

विषय: प्रस्ताव संकलन तथा आवश्यक समन्वय सम्बन्धमा।

प्रस्तुत विषयमा यस मन्त्रालयको चालु आ.व. ०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत उत्कृष्ट महिला सहकारी संस्थालाई क्षमता विकास/प्रोत्साहन/सहयोग कार्यक्रम ,कार्यान्वयनका लागि गोरखापत्र राष्ट्रिय दैनिक र मन्त्रालयको वेवसाइट मार्फत सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिएको सूचना यसै साथ संलग्न गरिएको छ। उक्त सूचना बमोजिम सम्बन्धित स्थानीय तहमा प्रस्ताव पेश गर्ने महिला सहकारी संस्थाहरुको उत्कृष्ट महिला सहकारी संस्था छनौट मापदण्ड,२०८२ को दफा ५ बमोजिम मूल्याङ्कन गरी सो मूल्याङ्कनका आधारमा यस अघि उक्त कार्यक्रमबाट अनुदान प्राप्त नगरेको उत्कृष्ट एउटा महिला सहकारी संस्था छनौटका लागि आवश्यक कागजात सहित सम्बन्धित जिल्लाको कार्यक्षेत्र भएको सामाजिक विकास कार्यालयमा मिति २०८२।१२।२७ गतेभित्र सिफारिस गरी पठाउनुहुन अनुरोध छ ।साथै तहाँ स्थानीय तहमा रहेका महिला सहकारी संस्थाहरुलाई उक्त सूचना जानकारी गरी आवश्यक समन्वय गरिदिनुहुन अनुरोध छ । उत्कृष्ट महिला सहकारी संस्था छनौट मापदण्ड,२०८२ यसै साथ संलग्न गरिएको बेहोरा समेत अनुरोध छ ।

..................
पुष्करचन्द्र घिमिरे
अधिकृत नवौं

नीलकण्ठ नगरपालिका
दर्ता नं. 2020
मिति : ९२।२९
बुझिलिनेको सही :

फोन नं. ०५७-५२४८३६,०५७-५२३८५७,०५७-५२७७२८,०५७-५२३१७९,
इमेल: mosd@bagamati.gov.np, p3mosd@gmail.com वेवसाइट: https://mosd.bagamati.gov.np

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय, हेटौंडा

## उत्कृष्ट महिला सहकारी संस्था छनौटका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः २०८२।११।२८)

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको चालु आर्थिक वर्ष २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **"उत्कृष्ट महिला सहकारी संस्थालाई क्षमता विकास/प्रोत्साहन/सहयोग"** कार्यक्रम कार्यान्वयनका लागि उत्कृष्ट महिला सहकारी संस्था छनौट मापदण्ड,२०८२ को दफा ८ बमोजिम इच्छुक महिला सहकारी संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन (मिति२०८२।१२।१२ गते) भित्र तपसिल बमोजिमका कागजात सहित सम्बन्धित स्थानीय तहमा प्रस्ताव पेश गर्नुहुन यसै सूचना मार्फत जानकारी गरिन्छ ।

तपसिल :

महिला सहकारी संस्थाहरुको निवेदन साथ पेस गर्नुपर्ने कागजातहरु:

(१) सहकारी संस्था दर्ता र नवीकरण प्रमाणपत्रको छाँयाप्रति
(२) संस्थाको विधानको छाँयाप्रति
(३) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको छाँयाप्रति
(४) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्रको छाँयाप्रति
(५) गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको छाँयाप्रति
(६) पछिल्लो दुई वर्षको साधारण सभा बैठकको माइन्यूटको छाँयाप्रति
(७) संस्थामा कार्यरत जनशक्तिको विवरण
(८) संस्थाको निर्वाचन भए/नभएको विवरण र भएको भए सोको अभिलेख
(९) संस्थाको पुँजीको वर्तमान अवस्थाको विवरण
(१०) संस्थाको भौतिक अवस्था(आफ्नै भवन भएको/निर्माणाधिन भवन भएको/जग्गा मात्र भएको/नभएको )
(११) समितिको बैठकको उपस्थिति तथा निर्णयहरुको अभिलेख
(१२) समिति अन्तर्गत व्यवसायिक समूह विकास भएको विवरण(१ वटा भन्दा बढी व्यवसायिक समूह गठन भएको/१ वटा मात्रै व्यवसायिक समूह गठन भएको/व्यवसायिक समूह गठन नभएको)
(१३) यस अघि मन्त्रालयबाट सहयोग वा अनुदान प्राप्त गरेको छैन भन्ने महिला सहकारी संस्थाको स्वघोषणापत्र।

सम्बन्धित स्थानीय तहले महिला सहकारी संस्थाहरुले प्रस्तावना साथ संलग्न गरेका कागजातहरुको आधारमा मापदण्डको दफा ५ बमोजिमको छनौटका आधारमा एक उत्कृष्ट महिला सहकारी संस्था छनोट गरी प्रस्तावना पेश गर्ने म्याद समाप्त भएको मितिले १५ दिन (मिति २०८२।१२।२७ गते) भित्र सम्बन्धित कार्यक्षेत्र भएको सामाजिक विकास कार्यालयमा सिफारिस गरी पठाउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।साथै उत्कृष्ट महिला सहकारी संस्था छनोट मापदण्ड,२०८२ मन्त्रालयको वेभसाइट www.mosd bagamati.gov.np मा हेर्न सकिने बेहोरा समेत अनुरोध छ ।

नोट:

१. ११९ वटै स्थानीय तहले यसै सूचनालाई आधार मानी उल्लिखित मापदण्ड बमोजिम कार्य सञ्चालन गर्न गराउनुहुन अनुरोध गरिन्छ । एक स्थानीय तहबाट दुई वा सो भन्दा बढी महिला सहकारी संस्था सिफारिस गरी पठाइएमा र सूचनाको समयावधि समाप्ति भइसकेपछि सिफारिस गरी पठाइएमा उक्त निवेदनहरूलाई मूल्याङ्कनमा समावेश नगरिने बेहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

२. मन्त्रालयबाट गत आ.व.मा अनुदान/सहयोग प्राप्त गरिसकेका महिला सहकारी संस्थालाई यस कार्यक्रममा समावेश गरिने छैन ।

| क्र.सं. | विवरण | अनुदान रकम रु. |
|---|---|---|
| १ | प्रति महिला सहकारी संस्था | ८०,०००/- |